## निर्णयहरू

**निर्णय नं. १**

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ३ हेटौंडा, मकवानपुरबाट मेलम्ची नगरपालिका अन्तर्गत मेलम्ची दुवाचौर सेल्ले ककनी सेर्माथाङ सडक आयोजनाको लागि आ.व. २०७५/७६ को लागि रू. ५,००,००,०००।- अक्षरूपी पाँच करोड रूपैयाँ मात्र) विनियोजन भएकोमा हाल उक्त सडक निर्माणको लागि केन्द्रबाट बजेट विनियोजन भई निर्माणाधीन अवस्थामा रहेको हुँदा उक्त योजना मेलम्ची धार्ना दुवाचौर पोखरे ककनी सेर्माथाङ सडक आयोजनाको रूपमा स्वीकृत गरी बजेट व्यवस्थाको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ३ हेटौंडा, मकवानपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकको समन्वयमा मेलम्ची नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सहितको टोलीबाट मिति २०७४ सालको अविरल वर्षाको कारण बाढीबाट अति प्रभावित रहेको नेपालको रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिकाका बाढी पीडितहरूको लागि राहत वितरण गर्दा रू. १,००,०००।- (अक्षरूपी एक लाख मात्र) र सो कार्यको व्यवस्थापनमा रू. ८२,०००।- खर्च भएको हुँदा उक्त कार्यमा खर्च भएको कूल जम्मा रकम रू. १,८२,०००।- (अक्षरूपी एक लाख बयासी हजार मात्र) तत्कालिन प्रमुख प्रशासकीय अधिकृत श्री पूर्ण प्रसाद दुलाललाई विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

मेलम्ची नगरपालिका वडा नं. ६ मा आ.व. २०७४/७५ मा विपद व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेट रू. एक लाख बाट वडा कार्यालयको शौचालय निर्माण गर्नको लागि खर्च भएको रकम रू. ५०,०००।- ( अक्षरूपी पचास हजार मात्र), खुट्टा काटिएर अशक्त बिरामी भएका सोही वडा निवासी श्री जितमान तामाङलाई रू. ३०,०००।- (अक्षरूपी तिस हजार मात्र) र स्तन क्यान्सर पीडित श्री गोमा थापालाई रू. २०,०००।- ( अक्षरूपी बिस हजार मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

मेलम्ची नगरपालिका वडा नं. ६ को कृषि सेवा केन्द्रको घडेरी सम्याउंदा खर्च भएको रकम रू. १,००,०००।- ( अक्षरूपी एक लाख रूपैयाँ मात्र) पूँजीगत तर्फको वित्तिय समानकिरणको कन्टेन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

मेलम्ची नगरपालिका अन्तर्गत रहेका प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर र स्वास्थ्य चौकीहरूमा कार्यालय समयका अतिरिक्त पोष्ट मार्टम, सुरक्षित गर्भपतन सेवा, सुत्केरी अनुदान र स्वास्थ्य कर्मीहरूले प्राप्त गर्ने जोखिम भत्ता समेत गरी जम्मा रू. ६,११,८०५।- (अक्षरूपी छ लाख एघार हजार आठ सय पाँच रूपैयाँ मात्र) उपलब्ध गराइदिनको लागि मेलम्ची नगरपालिकाको स्वास्थ्य शाखाबाट माग भई आएको हुँदा उल्लेखित स्वास्थ्य

सेवा प्रदान गर्ने स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्थाहरूलाई शहरी स्वास्थ्य केन्द्र केउरेनीको लागि विनियोजन भएको बाँकी बजेटबाट उक्त रकम उपलब्ध गराउने निर्णग गरियो ।

**निर्णय नं. ६**

मेलम्ची नगरपालिका अन्तर्गत रहेको जरायोटार आयुर्वेद औषधालयको आ.व. २०७३/७४ को २०७३ फाल्गुण महिना देखि २०७४ आषाढ महिनासम्मको घर भाडा प्रति महिना रू. ९,६००।- का दरले जम्मा रू. ४८,०००।- र थकनी आयुर्वेद औषधालयको आ.व. २०७३/७४ को २०७४ वैशाख महिना देखि आषाढ महिनासम्मको प्रति महिना रू. १०,३००।- का दरले जम्मा रू. ३०,९००।- गरी कूल जम्मा रू. ७८,९००।- (अक्षरूपी अठहत्तर हजार नौ सय मात्र) घरभाडा वक्यौता रहेको र सो रकम भुक्तानीको लागि सशर्त अनुदान तर्फ बजेट प्राप्त भएको हुँदा उल्लेखित संस्थाको बाँकी घर भाडा रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२) र दफा ६२ (२) मा भएको व्यवस्था, मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ तथा यस कार्यालयको निर्णयानुसार आ.व. २०७५/७६ को लागि ईन्द्रावती नदी तथा मेलम्ची नदी क्षेत्र तर्फ ढुंगा, गिटी बालुवाको विक्री तथा निकासी कार्य, सडक मर्मत संभार शुल्क संकलन कार्य र सवारी प्रवेश शुल्क संकलन कार्य मार्फत आन्तरिक राजस्व असुली सम्बन्धी काम ठेक्काद्वारा गराउन मिति २०७५।२।२३ मा बोलपत्र सूचना प्रकाशित गरिएकोमा ३ नं. प्रदेश सरकारबाट आन्तरिक आय संकलनका दरमा केही संशोधन भएकोले मेलम्ची नगर कार्यपालिकाको मिति २०७५।३।२२ को निर्णयानुसार उपरोक्त बोलपत्रका सबै प्रक्रिया स्थगित गरिएकोमा आय ठेक्का नं. MMSI/2075-76/01 रद्ध गरी सो लाई संशोधित दर तथा परिमाणका आधारमा ३० (तिस) दिने सूचना प्रकाशन गर्ने र आय ठेक्का नं. MMSI/2075-76/02 र आय ठेक्का नं. MMSI/2075-76/03 को हकमा बोलपत्र सूचनाका दर, अङ्क र शर्तहरू यथावत रहने गरी मेलम्ची नगरपालिकाको आन्तरिक आय संकलन ( ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ (४) (ज) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा पुन ः ७ ( सात) दिनको सूचना प्रकाशन गर्न राजस्व परामर्श समितिको वैठकबाट सिफारिस भई आएको हुँदा सिफारिस भए बमोजिम बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

मेलम्ची नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७५ लाई दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मेलम्ची नगरपालिकाको आ.व. २०७५/७६ को आन्तरिक आय संकलनको लागि प्रकाशित बोलपत्र सूचना बमोजिमका प्रक्रियाहरू सम्पन्न नभएसम्मका लागि मिति २०७५ श्रावण १ गते देखि मेलम्ची नगरपालिकाका कर्मचारी परिचालन गरी ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र तर्फ ढुंगा, गिटी, बालुवाको विक्री, संकलन तथा निकासी शुल्क, सडक मर्मत संभार शुल्क र सवारी प्रवेश शुल्क संकलन गर्ने निर्णय गरियो । साथै उपरोक्त बमोजिमको शिर्षकमा आन्तरिक आय संकलनका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई सुरक्षा व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।